फेदाप गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्ष:-९८५२०८०५००
उपाध्यक्ष:-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

प.सं.२०७५।०७६

मिति:२०७५।०८।०२

च.नं. २९८

विषय : सूचना पठाईएको वारे ।

....नं. वडा कार्यलय
फेदाप गाँउपालिका
पोक्लावाङ,तेह्रथुम

प्रस्तुत विषयमा यस फेदाप गाँउपालिका कृषि सेवा शाखाको आ.व.२०७५/०७६ को वार्षिक स्वीकृत कार्यकम अनुसारको सूचना यसै पत्र (थान...) साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ । उक्त सूचना प्राप्त भए तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यलयमा पठाइदिनु हुन समेत अनुरोध छ ।

सूचना तथा प्रविधि अपलोड गरिदिन हुन ।

०८।०२

...................
सुमन लिङ्देन (लिम्बु)
प्रमुखप्रशासकियअधिकृत

# फेदाप गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल

अध्यक्षः-९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००


प.सं. २०७५।०७६

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल

मिति:२०७५।०८।०२

च.नं.

विषय : माटो परिक्षण सम्बन्धमा

प्रस्तुत विषयमा यस फेदाप गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय पोक्लावाङ्ग, तेह्रथुम अन्तर्गत कृषि सेवा शाखा को आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार कृषकहरुको लागि ७५% अनुदानमा माटो परिक्षण गर्न माटोको परिक्षण गर्न माटो परिक्षण केन्द्र झुम्का, सुनसरीमा पठाइने हुनाले आफ्नो क्षेत्रमा रहेका कृषकहरुलाई माटो परिक्षण को लागि माटोको नमुना संकलन गरी यस फेदाप गाँउपालिका कृषि सेवा शाखा मा सम्पर्क गर्न हुन सर्म्पूण व्यवसायिक कृषकहरुलाई जानकारीको लागि अनुरोध छ ।

**माटो नमुना संकलन गर्ने तरीका :**

१.माटोको नमुना लिने स्वायल अगर, यदि स्वायल अगर नभएमा साधारतया: घरमा पाईने खुर्पी र कोदालो ले पनि गर्न सकिन्छ ।

२. माटो जम्मा गर्ने प्लाष्टिकको वाल्टिनहरु ।

३.कागजका अखवारहरु ।

४.संकलित माटोको नमुना राख्न सफा प्लाष्टिक वा कपडको थैली ।

५.परमानेन्ट मार्कर कलमहरु, चक्कु र स्केल ।

**तरीका:**

खेतवारीको माटो जाँच गराउन सो ठाउँवाट माटोको नमुना लिंदा पूरै खेतवारीको प्रतिनिधित्व हुने गरी लिनु पर्दछ । सहि ढङ्गले लिएको माटोको नमुनाले मात्र पुरै खेतवारीको प्रतिनिधित्व गर्दछ । त्यसैले माटोको नमुनालाई प्रयोगशालामा विश्लेषण गर्दा जाँच ध्यान दिनु पर्दछ । त्यतिकै महत्त्व खेतवारीको माटोको नमुना संकलन गर्दा पनि गर्नु पर्दछ । माटोको नमुना संकलन गर्दा सो ठाउँमा लगाइने बाली अनुसार फरक पर्दछ ।

क) अन्न र तरकारी बालीहरुको लागि माटोको नमुना लिने तरीका :

१.अन्न तथा तरकारीको लागि जमिन सतहवाट ८-१० इन्च मुनि सम्मको माटो लिने ।

२.अब एकै किसिमको गुण भएको जग्गावाट करीब १०-१२ ठाउँवाट माटोको नमुना झिकि एउटै भाडामा जममा गर्नुपर्दछ ।

३.कालो रङ्गको माटो भएको क्षेत्रवाट एउटा नमुना तयार गरिन्छ । त्यस्तै गरेर फुस्रो रङ्गको माटो भएको क्षेत्रवाट अर्को नमुना तयार गरिन्छ । तर प्रत्येक माटोको नमुना तयार गर्दा सो क्षेत्र का १०-१२ ठाउँवाट निकालेको हुनुपर्दछ ।

३.स्वायल अगर अथवा खुर्पी, कोदालो को सहायताले माटोको नमुना झिक्ने ठाउँको वरिपरि घाँस,झारपात र ढुङगा हटाउनु पर्दछ । त्यसपछि V आकारमा करिव ८-१० इन्च जति गहिराईको खाल्डो पार्नु पर्छ ।

४. अब सो खाल्डामा माथिवाट तलसम्म आउने गरी करिव ३ से.मी. जति मोटाईको माटो को चपरी निकाल्नु पर्दछ ।

६.यसरी भाडामा जम्मा गरेको माटोलाई डल्लाहरु फुटाई,ढुङ्गा,जरा,पात पतिङ्गर लाई हटाउने र राम्रो सँग मिलाउने ।
७. त्यसपछि माटोलाई सफा अखवार वा कागज माथि राखेर एकनासले मिलाएर फैलाउने र सो माटोलाई ४ भाग लगाउने ।
८. चार भागमा अगाडि र पछाडिको २ भाग राखेर राख्ने र २ भाग हटाउने । सो बाँकी रहेको २ भागलाई पनि एकनासले मिलाएर ४ भाग लगाउने र अगाडि जस्तै २ भाग राख्ने र २ भाग हटाउने । एवं रितले माटोको तौल करीब आधा के.जी. जति नभएसम्म यो प्रकृया दोहोऱ्याउने ।
यसरी लिएको माटो करीब आधा के.जी. को माटोको नमुनालाई एउटा सफा प्लाष्टिक वा कपडाका थैलोमा राख्नु पर्दछ । थैलो वन्द गर्नु भन्दा पहिले एउटा कागजमा निम्नानुसार पुरा विवरण भरी राख्नु पर्दछ ।

**१. कृषकको नामः**
**२.ठेगानाः**
**३.नमुना लिएको मितिः**
**४.नमुना लिएको ठाउँको चिन्हः**
**५.पहिले लगाई आएको बालीः**
**६.मलखादको प्रयोग गरेको मात्राः**
**७.उत्पादकत्वः**
**८.सिंचाईको सुविधाः**
**९.निकासको सुविधाः**
**१०.लगाउन चाहेको बालीः**

थैलोमा माथि उल्लेखित विवरण हालेर वन्द गरीसके पछि फेरी थैलोको वाहिर पट्टिपनि थैलो भित्र राखेको विवरणहरु जस्तैः नाम,ठेगाना, नमुना लिएको ठाउँको चिन्ह आदि राम्ररी लेख्नु पर्दछ । यसरी तयार गरेको माटो को नमुनालाई विश्लेषणको लागि नजिकको माटो परिक्षण प्रयोगशालामा पठाउनु पर्दछ ।

**फलफुल वगैचाको लागि माटोको नमुना संकलन गर्ने तरीका**

-फलफुल वालीको लागि जमिन सतह वाट २/४ फिट मुनी सम्मको माटो लिने । जमिनको तल्लो सतह वाट माटो संकलन गर्नुपर्ने हुदा सर्वप्रथम ५ फीट लम्बाई,३ फीट चौडाई,४ फीट गहिराई को खाडल गर्नु पर्दछ ।
-यसरी भाडामा जम्मा गरेको माटोलाई डल्लाहरु फुटाई,ढुङ्गा,जरा,पात पतिङ्गर लाई हटाउने र राम्रो सँग मिलाउने ।
- त्यसपछि माटोलाई सफा अखवार वा कागज माथि राखेर एकनासले मिलाएर फैलाउने र सो माटोलाई ४ भाग लगाउने ।
- चार भागमा अगाडि र पछाडिको २ भाग राखेर राख्ने र २ भाग हटाउने । सो बाँकी रहेको २ भागलाई पनि एकनासले मिलाएर ४ भाग लगाउने र अगाडि जस्तै २ भाग राख्ने र २ भाग हटाउने । एवं रितले माटोको तौल करीब आधा के.जी. जति नभएसम्म यो प्रकृया दोहोऱ्याउने ।
यसरी लिएको माटो करीब आधा के.जी. को माटोको नमुनालाई एउटा सफा प्लाष्टिक वा कपडाका थैलोमा राख्नु पर्दछ । थैलो वन्द गर्नु भन्दा पहिले एउटा कागजमा निम्नानुसार पुरा विवरण भरी राख्नु पर्दछ ।

**१. कृषकको नामः**
**२.ठेगानाः**
**३.नमुना लिएको मितिः**
**४.नमुना लिएको ठाउँको चिन्हः**
**५.पहिले लगाई आएको बालीः**
**६.मलखादको प्रयोग गरेको मात्राः**
**७.उत्पादकत्वः**
**८.सिंचाईको सुविधाः**

| |
|---|
| ७.उत्पादकत्व:<br>८.सिंचाईको सुविधा:<br>९.निकासको सुविधा:<br>१०.लगाउन चाहेको बाली: |

थैलोमा माथि उल्लेखित विवरण हालेर वन्द गरीसके पछि फेरी थैलोको वाहिर पट्टिपनि थैलो भित्र राखेको विवरणहरु जस्तैः नाम,ठेगाना, नमुना लिएको ठाउँको चिन्ह आदि राम्ररी लेख्नु पर्दछ । यसरी तयार गरेको माटो को नमुनालाई विश्लेषणको लागि नजिकको माटो परिक्षण प्रयोगशालामा पठाउनु पर्दछ ।

२०७५/५/१२

सुमन लिङ्देन (लिम्बु)
प्रमुखप्रशासकियअधिकृत

फेदाप गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

अध्यक्षः-९८५२०८०५००

उपाध्यक्षः-९८५२०८०७००

प्र.प्र.अः- ९८५२०८०६००


प.सं.२०७५।०७६

मितिः२०७५।०८।०२

च.नं.

विषय : सुचना पठाएको बारे ।

श्री सवै वडा कार्यालय

फेदाप गा.पा. तेह्रथुम

सूचना !　　　　　सूचना !!　　　　　सूचना !!!

प्रस्तुत विषयमा यस फेदाप गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय पोक्लावाङ्ग, तेह्रथुम अन्तर्गत कृषि सेवा शाखा को आ.व. २०७५/०७६ को स्वीकृत कार्यकम अनुसार कृषकहरुको लागि गहुँको विजवृद्धि ७५% अनुदानमा सवै वडामा वितरण गरिने भएकाले मिति २०७५।०८।१० गते सम्म आफ्नो वडा अन्तर्गत रहेका सम्पूर्ण कृषकहरु जानकारी प्रदान गरी माग संकलन गरी आवश्यक सहयोग गरिदिनु हुन जानकारी गराईन्छ ।

०७५।८।२

..............................

सुमन लिङ्देन(लिम्बु)

प्रमुखप्रशासकियअधिकृत